# बेलौरी राजपत्र

बेलौरी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या ३ मिति २०८० माघ ४


# भाग १

## बेलौरी नगरपालिकाको सूचना

**नेपालको संविधान धारा २२६ को उपधारा (२) बमोजिम निर्माण गरीएको सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन २०७५ को दफा २४ उपदफा (५) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरीएको छः**

## तीन पाङ्ग्रे सवारी साधन व्यवस्थापन ऐन, २०८०

**प्रस्तावनाः**

सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पिडित पक्षलाई क्षतीपूर्ति दिलाउन, बीमा व्यवस्था गर्न, सार्वजनिक यातायात क्षेत्रको व्यवस्थापन गरी सर्वसाधारणलाई सरल एंव सुलभ यातायात सुविधा उपलब्ध गराउन र यातायात सेवालाई सुढ्ढ तथा प्रभावकारी बनाउन वाञ्छनिय भएकाले, नेपालको संविधान २०७२ को धारा २२६ र अनुसूची ८



स्थानीय तहको अधिकार क्षेत्र, सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक ऐन २०८० को दफा ३ को उपदफा ७ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम यो ऐन जारी गरी लागु गरीएको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१) संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम बेलौरी नगरपालिका तीन पाङ्ग्रे सवारी साधन व्यवस्थापन ऐन, २०८० रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२) परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "प्रमुख" भन्नाले बेलौरी नगरपालिकाको प्रमुख सम्झनुपर्दछ।

(ख) "उप प्रमुख" भन्नाले बेलौरी नगरपालिकाको प्रमुख सम्झनुपर्दछ।

(ग) "कार्यपालिका" भन्नाले बेलौरी नगर कार्यपालिका सम्झनुपर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बेलौरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(ङ) "सवारीको वजन" भन्नाले सवारीको बजन, ईन्जिन, अन्य औजार सहित दर्ता प्रमाणपत्रमा लेखिएको कुल भार क्षमता समेतलाई जनाउँछ।

(च) "सवारी साधन" भन्नाले तीन पाङ्ग्रे अटोरिक्सा र ईलेक्ट्रिक रिक्सा सम्झनुपर्छ।

(छ) "यातायात सेवा" भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाउँबाट अर्को ठाउँसम्म यात्रीलाई ओसारपसार गर्ने कार्य सम्झनुपर्छ।

(ज) "यात्री" भन्नाले सार्वजनिक सवारीबाट यात्रा गर्ने व्यक्ति सम्झनुपर्छ।

(झ) “यात्रीबाहक सवारी” भन्नाले यात्रीलाई यातायात सेवा प्रदान गर्ने तीन पाङ्ग्रे सार्वजनिक सवारी सम्झनुपर्छ।

(ञ) “चालक अनुमती पत्र” भन्नाले सार्वजनिक निकायको अधिकार प्राप्त अधिकारीबाट दिएको चालक अनुमती पत्र सम्झनुपर्छ।

(ट) “चालक” भन्नाले सवारी चालक अनुमती प्राप्त व्यक्ति सम्झनुपर्छ।

(ठ) “सुरक्षाकर्मी” भन्नाले यात्री मालसमान तथा सवारीको सुरक्षाको जिम्मा लिने कर्मचारी सम्झनुपर्छ।

(ड) “बीमा” भन्नाले सवारी, यात्री, चालक तथा तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नुपर्ने बीमा सम्झनुपर्छ।

(ढ) “सवारी धनी” भन्नाले सवारी दर्ताको प्रमाणपत्र (ब्लु बुक) मा सो सवारीको धनी भनी लेखिएको व्यक्ति, फर्म, कम्पनी वा अन्य कुनै संगठित संस्था सम्झनुपर्छ।

(ण) “नेपाल प्रहरी” भन्नाले नेपाल प्रहरी वा प्रदेश प्रहरी सम्झनुपर्छ।

(त) “ट्राफिक प्रहरी” भन्नाले नेपाल प्रहरी संगठन अन्तर्गत प्रदेश ट्राफिक प्रहरी सम्झनुपर्छ।

(थ) “नगर प्रहरी” भन्नाले बेलौरी नगरपालिकाबाट नियुक्ति पाएका प्रहरी सम्झनुपर्छ।

(द) “सडक क्षेत्र” भन्नाले बेलौरी नगरपालिका भित्रका पक्की तथा ग्रावेल सडक सम्झनुपर्छ।

(ध) “सवारी चलाउने ईलाका” भन्नाले बेलौरी नगरपालिका क्षेत्रभित्र रहेका पक्की तथा ग्रावेल सडक क्षेत्र सम्झनुपर्छ।





## परिच्छेद–२

## सवारी दर्ता सम्बन्धी व्यवस्था

**३) सवारी दर्ता सम्बन्धी व्यवस्था:** (१) तीनपाङ्गे सवारीसाधन खरिद गर्ने वा विदेशबाट पैठारी गर्ने व्यक्ति, फर्म, कम्पनी वा सवारी विक्री वितरण गर्ने एजेन्टले खरिद गरेको वा पैठारी गरी नेपाल भित्र भन्सार तिरी ल्याएको रसिद तथा प्रज्ञापन पत्र सहित ३५ दिनभित्र बेलौरी नगरपालिकाको कार्यालयमा दर्ता गराउनुपर्छ। उक्त मितिमा दर्ता गर्न नआएमा ३६ औँ दिन देखि जरिवाना दस्तुर रु. १,००० देखि रु. ५,००० सम्म लिई दर्ता गर्न सकिनेछ।

(२) सवारी दर्ता गराउन निवेदन दिनुपर्ने: (१) दफा (१) बमोजिम सवारी दर्ता गराउनुपर्ने भएमा त्यस्तो सवारी नेपालभित्र खरिद गरेको भए खरिद गर्ने व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले सो खरिद गरेको निस्सा र त्यस्तो सवारी विदेशबाट पैठारी गरेको भए पैठारी गर्ने व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले सो सवारीको भन्सार महसुल तिरेको निस्सा तथा अन्य सम्बन्धित कागजात सहित तोकिएको ढाँचामा निवेदन दस्तुर रु.१००।- (रु.एक सय) सहित दरखास्त दिनुपर्नेछ। सवारी साधन दर्ता भएको मितिले एक वर्ष सम्मको म्याद रहनेछ। त्यस पश्चात प्रत्येक वर्ष नवीकरण गर्नुपर्नेछ।

(३) सवारी दर्ता आवेदन फाराम अनुसूची-१ बमोजिम हुनेछ।

(४) संयुक्त दर्ता सवारी साधन संयुक्त रुपमा दर्ता गर्न सकिनेछ।

(५) सवारी दर्ता गर्दा वातावरण प्रदुषण सम्बन्धी जाँच गराउनुपर्नेछ।

(६) सवारी उत्पादन भएको मितिले २० वर्ष सम्म मात्र नवीकरण गर्न सकिनेछ।

**(४) सवारी दर्ता दस्तुर:** (१) ई रिक्सा सवारी दर्ता दस्तुर प्रति सवारी रु.१००।- हुनेछ।

(२) अटो रिक्सा (पेट्रोलले चल्ने) सवारी दर्ता दस्तुर प्रति सवारी रु.५००।- हुनेछ।

(३) दफा (१) बमोजिमको सवारी साधनबाट वार्षिक सवारी कर २०० र दफा २) बमोजिमको सवारी साधनबाट वार्षिक सवारी कर १०००।- असुल गरीनेछ।

(४) सवारी दर्ताको प्रमाणपत्र अनुसूची-२ बमोजिम हुनेछ।

(५) सवारी दर्ता प्रमाण पत्र हराएमा ट्राफिक प्रहरीको सिफारिस सहित रु. २००।- दस्तुर लिई प्रतिलिपी दिनुपर्छ।

(६) दर्ता भएका सवारी साधनहरुको दर्ता नम्बर बे.न.पा.ह को १,२,३,.... देखि कालो रंगको हुनेछ। निजि गाडिको दर्ता बे.न.पा. स. १,२,३ .....देखी रातो रंगको हुनेछ।

(५) **सवारीको दर्ता मान्यताः** (१) बेलौरी नगरपालिका भित्र दर्ता भएको सवारीलाई मान्यता दिईनेछ। तर अन्य सरकारी निकायमा दर्ता भई यस नगरपालिका मा नयाँ दर्ताको लागि निवेदन दिन आएमा दर्ता सरहको दस्तुर लिई नयाँ नम्बर कायम गरीदिईनेछ।

(क) यस नगरपालिकामा सवारी दर्ता नगरी यस नगर क्षेत्रभित्र सवारी चलाउन पाईनेछैन।

(६) **दर्ता अभिलेख सम्बन्धी व्यवस्था:** (१) बेलौरी नगरपालिकामा दर्ता भएका र अन्यत्रबाट सरुवा भई आएका सवारी साधनलाई अनुसूची-२ बमोजिम सवारी दर्ता कितावमा (क) भाडाको कालो रंग र निजीको (ख) अनुसार अभिलेख राख्नु पर्नेछ।

(७) **दर्ता नवीकरणः** (१) अनुसूची-३ बमोजिमको ढाँचामा नवीकरण सम्बन्धी निवेदन दिन आएमा निवेदन दस्तुर रु. ५०।- सहित ई रिक्साको रु.५०।– र अटो रिक्साको रु.२००।– लिई नवीकरण गरीदिनुपर्छ।

(२) नवीकरण अवधी १ वर्षको हुनेछ।

(३) म्याद समाप्त भएको मितिले ३५ दिन भित्र नवीकरण गर्न आएमा जरिवाना दस्तुर नलाग्ने, ३६ औँ दिन देखि ३ महिनासम्म ३५ प्रतिशत र त्यस पश्चात ५० प्रतिशत थप जरिवाना लिई नवीकरण गरीदिनु पर्नेछ।





(४) पाँच वर्षसम्म नवीकरण नगरीएको सवारी साधनको दर्ता स्वतःखारेज भएको मानिने छ। पुनः दर्ता गराउन आएमा (शुरु दर्ता) दस्तुर लिई गराउनु पर्नेछ।

(५) सवारी नवीकरण रजिष्टर अनुसूची -४ बमोजिम हुनेछ।

(८) **ठाउँसारी वा** नामसारी **सम्बन्धी व्यवस्था:** (१) बेलौरी नगरपालिकाले आफ्नो क्षेत्रमा सवारी ठाउँसारी भई आउन वा अन्यत्र जान सहमती दिन रु.५००।- दस्तुर लिई दिन सक्नेछ।

(२) ठाउँसारी वा नामसारी गराउनुपर्ने सवारी साधनको नवीकरण र नामसारीको कर तिर्नुपर्नेछ।

(३) दफा (४) बमोजिमका व्यक्तिले कार्यालयमा स्वयम् उपस्थित भई नामसारी गरीदिन सक्नेछ।

(४) फर्म वा व्यक्तिको नाममा नामसारी गर्दा कानुन बमोजिमका अन्य कागजातहरु संलग्न गरी दरखास्त दिनुपर्नेछ।

(५) ठाउँसारी रजिष्टर अनुसूची-४ को (क) बमोजिम हुनेछ।

(६) नामसारी आवेदन फाराम अनुसूची-५ बमोजिम हुनेछ।

(९) **सवारी दर्ता किसिमः** (१) भाडा सवारी साधनको दर्ता बे.न.पा.ह. ०१, ०२, ०३.... नम्बरको र कालो प्लेट हुनेछ।

(२) निजि सवारी साधनको दर्ता बे.न.पा.स.०१, ०२, ०३ ........नम्बरको रातो प्लेट हुनेछ।

(३) निजि सवारी साधनलाई भाडाको सवारी साधनमा परिवर्तन गर्नुपरेमा परिवर्तन दस्तुर रु.५००।- लिई भाडा सवारी साधनको नम्बर कायम गरी दर्ता गरी दिनुपर्नेछ।

(४) भाडाको सवारी साधनलाई निजि सवारी साधनमा परिवर्तन गर्नुपरेमा परिवर्तन दस्तुर रु.५००।- लिई निजि सवारी साधनको नम्बर कायम गरी दर्ता गरी दिनुपर्नेछ।

## परिच्छेद-३

## विविध

**(१०) सिटभन्दा बढी यात्री राख्न नहुने**: (१) सवारी दर्ताको प्रमाणपत्रमा लेखिएको सिट संख्या भन्दा बढी यात्री राखी चलाउन हुँदैन।

(२) सवारीको छतमा सामान वा मानिस राख्न पाईने छैन।

**(११) ट्राफिक संकेतको पालना गर्नुपर्ने**: चालकले सवारी चलाउँदा ट्राफिक संकेतको पालना गरी सवारी चलाउनुपर्छ।

**(१२) सवारीको बीमा गराउनुपर्ने**: सवारी धनी वा व्यवस्थापकले प्रत्येक सवारी तथा यात्रीको तेश्रो पक्ष बीमा समेत गराउनु पर्नेछ ।

**(१३) सवारी साधनको लगत कट्टाः** (१) दर्ता भएका सवारी साधन प्राकृतिक प्रकोप, दुर्घटना वा अन्य कारणबाट सवारी साधन काम नलाग्ने गरी क्षतीग्रस्त भई सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले निवेदन दिन आएमा नवीकरण गर्न बाँकी भए नवीकरण दस्तुर र रु. ५००। थप दस्तुर बुझाउन लगाई सवारी साधनको लगत कट्टा गर्न सक्नेछ।

(२) सवारी लगत कट्टा रजिष्टर अनुसूची-६ बमोजिम हुनेछ।

**(१४) सवारी जाँचपास**: सार्वजनिक सवारी ई रिक्सा, अटो रिक्सा (ईन्धनबाट चल्ने) ले निवेदन दिई सवारी जाँचपास गराउनुपर्नेछ। सवारी जाँचपास दस्तुर निम्न बमोजिम हुनेछः

क) अटो रिक्सा (ईन्धनबाट चल्ने) रु. १००।-

ख) इ रिक्सा रु.५०।–

**(१५) पट्के बाटो ईजाजत**: (१) सवारी धनी वा व्यवस्थापकले विशेष काम परी ईजाजत पत्रमा लेखिए बाहेक अन्यत्र जानुपरेमा निवेदन दिई बढीमा ७ दिन सम्मको लागि प्रति





कि.मि.को रु. २ का दरले दस्तुर लिई बढीमा सात दिन सम्मको पट्के ईजाजत दिन सक्नेछ।

(२) प्रदेश कानून बमोजिम संशोधन भएमा सोही बमोजिम कायम हुनेछ।

**(१६) सवारीको वर्गीकरण**:- सार्वजनिक यातायात व्यवसाय (सेवा उद्योग)।

**(१७) अधिकार प्रत्यायोजन गर्न सक्ने**: यस ऐन बमोजिम प्राप्त अधिकारहरु आफू मुनिका अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले अधिकारहरु प्रत्यायोजन गर्न सक्नेछ।

**(१८) क्षतिपुर्ति सम्बन्धी व्यवस्था**: तीन पाङ्ग्रे सवारी साधनबाट तेस्रो पक्षलाई पुग्न सक्ने हानी नोक्सानी सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**(१९) बाधा अड्काउ फुकाउने**: यस ऐनमा कुनै बाधा अड्काउ परे नगर सभाले निर्णय गरी फुकाउन सकिनेछ।

**(२०) बाझिएको हदसम्म अमान्य हुने**: यस ऐनमा भएका कुनै प्रावधान नेपालको संविधान, संघ र प्रदेश कानून सँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

(दफा ३ को उपदफा ३ संग सम्बन्धित)

**अनुसूची- १**

**तीन पाङ्ग्रे सवारी दर्ताको निवेदन फाराम**

मितिः ..............................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

बेलौरी नगरपालिका नगर कार्यलिकाको कार्यालय बेलौरी, कञ्चनपुर।

विषयः– सवारी दर्ता आवेदन फाराम।

महोदय, निम्नलिखित विवरण बमोजिम तीन पाङ्ग्रे सवारी साधन दर्ता गर्न यो निवेदन पेश गरेको छु/छौँ। पेश गरेको विवरण ठिक साँचो छ झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाँउला।

| | |
|---|---|
| (१) सवारी धनीको नामः- | (२) सवारीको किसिमः- |
| (३) सवारी निर्माण कम्पनीको नामः- | (४) सवारी बनेको सालः- |
| (५) मोडेल नं. | (६) सिलिण्डर संख्याः- |
| (७) चेसिस नं. | (८) हर्ष पावर (सि.सि.) |
| (९) सवारीको रंगः- | (१०) सवारीको सिट/वजन क्षमताः- |
| (११) पेट्रोल/डिजलः- | (१२) खरिद भै आएको व्यक्ति वा फर्मको नामः– |
| (१३) भन्सार तिरेको प्रमाणः- | (१४) सवारी खरिद भै आएको मितिः– |
| (१५) सवारी खरिद गरेका बिल प्रमाणहरुः- | (१६) प्रयोगः- |
| (१७) चलाउने इलाकाः- | (१८) साविक नं. |

**निवेदक**

नामः-

ठेगानाः-

दस्तखतः-

फोन नं.

**कार्यालय प्रयोजनको लागि**

सवारी निरीक्षणको व्यहोरा — प्रदान गरीएको दर्ता नं.

दर्ता मितिः-

माथि उल्लेखित सम्पूर्ण विवरणका साथै प्राविधिक प्रतिवेदन सवारी दर्ता गर्न उपर्युक्त देखिएकोले निर्णयार्थ पेश गर्ने।

| ............................ | ........................ | ............................ |
|---|---|---|
| निरीक्षण गर्ने प्राविधिकको सही | फाँटवालाको सही | दर्ता गर्ने अधिकारीको सही |





(दफा ६ संग सम्बन्धित)

अनुसूची-२ (क)

**बेलौरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय**

बेलौरी, कञ्चनपुर।

## सवारी दर्ता रजिष्टर

फोटो

सवारी दर्ता नं. बे.न.पा.ह /......................नम्बर (कालो प्लेट)

(१) सवारी धनीको नामः-

(२) सवारीको किसिमः-

(३) सवारी निर्माण कम्पनीको नामः-

(४) सवारी बनेको सालः-

(५) मोडेल नं.

(६) सिलिण्डर संख्याः-

(७) चेसिस नं. :- (८) हर्ष पावर (सि.सि.) :- (९) सवारीको रंगः-

(१०) सवारीको सिट / वजन क्षमताः- (११) पेट्रोल / डिजलः-

(१२) खरिद भै आएको व्यक्ति वा फर्मको नामः-

(१३) भन्सार तिरेको प्रमाणः-

(१४) सवारी खरिद भै आएको मितिः-

(१५) सवारी खरिद गरेका बिल प्रमाणहरुः-

(१६) प्रयोगः-

(१७) चलाउने इलाकाः-

| .......................... | ............................ | ............................ |
|---|---|---|
| प्राविधिक | शाखा प्रमुख | स्वीकृत गर्ने अधिकारी |

(दफा ६ संग सम्बन्धित)

अनुसूची-२ (ख)

**बेलौरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय**

बेलौरी, कञ्चनपुर, सुदुरपश्चिम प्रदेश, नेपाल

फोटो

## सवारी दर्ता रजिष्टर

सवारी दर्ता नं. बे.न.पा.ह /......................नम्बर (रातो प्लेट)

(१) सवारी धनीको नामः-

(२) सवारीको किसिमः-

(३) सवारी निर्माण कम्पनीको नामः-

(४) सवारी बनेको सालः-

(५) मोडेल नं.

(६) सिलिण्डर संख्याः-

(७) चेसिस नं. :- (८) हर्ष पावर (सि.सि.) :- (९) सवारीको रंगः-

(१०) सवारीको सिट / वजन क्षमताः- (११) पेट्रोल / डिजलः-

(१२) खरिद भै आएको व्यक्ति वा फर्मको नामः-

(१३) भन्सार तिरेको प्रमाणः-

(१४) सवारी खरिद भै आएको मितिः-

(१५) सवारी खरिद गरेका बिल प्रमाणहरुः-

(१६) प्रयोगः-

(१७) चलाउने इलाकाः-

| ........................... | ............................. | ............................ |
|---|---|---|
| प्राविधिक | शाखा प्रमुख | स्वीकृत गर्ने अधिकारी |



खण्ड ७, संख्या ३ बेलौरी राजपत्र, भाग १ मिति २०८०।१०।०४

(७ को उप १ संग सम्बन्धित)

अनुसूची-३

**बेलौरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय**

बेलौरी, कञ्चनपुर, सुदुरपश्चिम प्रदेश, नेपाल

## सवारी नवीकरण आवेदन फाराम

फोटो

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बेलौरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय
बेलौरी कञ्चनपुर ।

विषयः- सवारी नवीकरण आवेदन फाराम ।

महोदय,

निम्नलिखित विवरण बमोजिम तीन पाङ्ग्रे सवारी साधन दर्ता गर्न यो निवेदन पेश गरेको छु / छौं। पेश गरेको विवरण ठिक साँचो छ झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाँउला ।

(१) सवारी धनीको नामः-

(२) सवारीको किसिमः-

(३) सवारी निर्माण कम्पनीको नामः-

(४) सवारी बनेको सालः-

(५) मोडेल नं. :- (६) सिलिण्डर संख्याः- (७) चेसिस नं.:-

(८) हर्ष पावर (सि.सि.) :- (९) सवारीको रंग:-

(१०) सवारीको सिट / वजन क्षमताः- (११) पेट्रोल / डिजलः-

(१२) ई-रिक्सा / अटो रिक्साः-

**निवेदक**

नामः-

ठेगानाः-

दस्तखत:-

फोन नं. :-

(७ को उप ५ संग सम्बन्धित)

अनुसूची-४

**बेलौरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय**

बेलौरी, कञ्चनपुर

सुदुरपश्चिम प्रदेश, नेपाल

## सवारी नवीकरण रजिष्टर

| क्र.स. | नवीकरण गर्ने कार्यालयको नाम | सवारीको नम्बर | नवीकरण मिति | नवीकरण अवधी | नवीकरण दस्तुर मिति | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |





(८ को उप ५ संग सम्बन्धित)

अनुसूची फाराम-४ (क)

**बेलौरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय**

बेलौरी, कञ्चनपुर

सुदुरपश्चिम प्रदेश, नेपाल

## सवारी ठाउँसारी रजिष्टर

| क्र.सं. | ठाउँसारी गर्ने कार्यालयको नाम | सवारीको नम्बर | मोडेल नम्बर | चेसिस नम्बर | ठाउँसारी भई गएका / आएको स्थान | दस्तुर र मिति | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**(८ को उप ६ संग सम्बन्धित)**

**अनुसूची फाराम-५**

## बेलौरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय

**बेलौरी, कञ्चनपुर, सुदुरपश्चिम प्रदेश, नेपाल**

## सवारी नामसारी आवेदन फारा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बेलौरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर

लिखितम मेरो / हाम्रो नाममा दर्ता भई मेरो एकलौटी हकभोग रहेको ई.नं.................. च्या.नं........ भएको अं.................. नं. को ............................. लाई मैले / हामीले निम्न लिखित नाम, थर ठेगाना भएको व्यक्ति / व्यक्तिहरुलाई किनाराका बिक्रि गरी दिएको हुनाले उक्त सवारी दिंदा निजहरुको भागमा नामसारी गरी दिनहुन अनुरोध गर्दछौँ। माथिको व्यहोरामा फरक पारि विक्रि गरेको भएमा कानून बमोजिम सहुँला बुझाउँला।

आँठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

**विक्रि लिलाम / उपहार / वकल गरी दिने सही**

नाम, थरः-..................................................
वर्षः-.........................................................
ठेगानाः.......................... अञ्चलः......................
जिल्लाः...................... वडा नं. ........ टोल ..............
फोन नं. ............................ बाबु /पतिको नामः.......................
बाजेको नामः ..............................................

उपर्युक्त बमोजिमको सवारी साधन माथि उल्लेखित व्यक्तिहरु फर्म / संस्थाबाट मैले / हामीले खरिद / लिलाम सकार / उपहार / वकस हकभोग कायम गरी लिएको हो यसमा कुनै फरक पर्ने छैन। फरक पारि लेनदेन गरेको हरे यो नामसारी वदर भएमा कानून बमोजिम दण्ड सजाय परेमा सहन बुझाउन तरखत छु / छौँ।

आँठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

**खरिद गर्ने / लिलाम सकार गर्ने / उपहार / वकस पठाउनेको सही**

नाम, थरः-..................................................
वर्षः-.........................................................
ठेगानाः.......................... अञ्चलः......................
जिल्लाः...................... वडा नं. ........ टोल ..............
फोन नं. ............................ बाबु /पतिको नामः.......................
बाजेको नामः ..............................................



खण्ड ७, संख्या ३ बेलौरी राजपत्र, भाग १ मिति २०८०।१०।०४

पेश भएको कागजपत्रहरुः-

१. लिनेदिने दुबैको नाम, ठेगानाः- क) दिनेको जिल्ला .....................नागरीकता नं. .......................
ख) लिनेको जिल्ला ............................. नागरीकता न. .........................

२. सवारी आयकर तिरेको प्रमाणः- क) सवारी आयकर बुझाएको कार्यालयः-
ख) मितिः- ............................. ग) अवधिः- ....................... घ) रसिद नं.............................

३. सार्वजनिक सवारी भए बाटो ईजाजत लिएको प्रमाण पत्रः- क) दिने कार्यालयः-…………………
ख) पाएको क्षेत्रः- .................... ग) पाएको मितिः-..................घ) अवधिः- ..........................

४. संस्था / फर्म कम्पनीको नाम लेनदेन भएको भए सम्बन्धीत पदः-
क) पत्र संख्या च.नं. .......................................... ख) मितिः-........................................

५. वारेसनामा वा प्रतिनिध तोकी आएको भए सो पत्र प्रमाण तथा नागरीकताको वा परिचय पत्रको प्रमाणित प्रतिलिपिः-

६. नामसारीको लागि बुझाएको दस्तुरको रसिद नं.:- ..........................................

७. श्रम ऐन २०४८ को दफा ४७ को उपदफा (१) को खण्ड (क) बमोजिम सम्बन्धीत कामदार वा कर्मचारीलाई तिर्नुपर्ने रकम बुझाएको प्रमाणः-

८. अन्य प्रमाणः- क) सवारी कागजात पत्र प्रमाण पत्रः-…..…. ख) सवारी कागज प्रमाण पत्रः-………

ईति सम्वत् २०......... साल ................... महिना ................ गते ............ रोज शुभम्।

---

### कार्यालय प्रयोजनको लागि

सवारी जाँचको प्रतिवेदन व्यहोरा
......................................

सवारी जाँच्नेको सही उपर्युक्त बमोजिम लेनदेन मञ्जुरी गरी मेरो रोहवरमा गरी सनाखत गरेको र उल्लेखित कागजातहरु समेत पेश गरीसकेको हुदा नामसारी गरीदिनहुन पेश गरेको छु।

फाँटवालाको सहीः-

नामः-

मितिः-

नामसारी सदर गर्ने प्रमाणित गरीदिने अधिकारी सहीः-

नाम, थरः-

मितिः-

(दफा १३ को उपदफा २ संग सम्बन्धित)

अनुसूची फाराम -६

**बेलौरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय**

**बेलौरी, कञ्चनपुर**

**सुदुरपश्चिम प्रदेश, नेपाल**

## सवारी लगत कट्टा रजिष्टर

| क्र.सं. | सवारी धनीको नाम | सवारीको नम्बर | मोडेल नम्बर | चेसिस नम्बर | दस्तुर र मिति | लगत कट्टा मिति | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |



खण्ड ७, संख्या ३ बेलौरी राजपत्र, भाग १ मिति २०८०।१०।०४

(दफा २ को उपदफा ७ संग सम्बन्धित)

तीन पाङ्ग्रे सवारी दर्ताको प्रमाण पत्र ढाँचा

**बेलौरी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

नोटः- यो प्रमाण पत्र हराई कसैले भेट्टाएमा बेलौरी नगरपालिका कार्यालय वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनहुन अनुरोध छ।

सवारी दर्ता नं.:-……………………………………………

सवारीको किसिमः-…………………………………………...

दर्ता मितिः-………………………………………………….

सवारी धनीको नामः-……………………………………….

वतनः-……………………………………………………..

सिट क्षमताः-………………………………………………..

……………………………… ……………………………….

सवारी धनीको हस्ताक्षर पेश गर्नेको हस्ताक्षर

(सवारी धनीको फोटो)

……………………..

दर्ता गर्ने अधिकारीको हस्ताक्षर

नामसारी भएको

मितिः-.............................................................................

(सवारी धनीको फोटो)

१. नाम, थरः-

२. वतनः-

३. विस्तृत विवरणः-

| | | |
|---|---|---|
| सवारी धनीको हस्ताक्षर | पेश गर्नेको हस्ताक्षर | नामसारी गर्ने अधिकृतको हस्ताक्षर हस्ताक्षर |

| सवारीको विस्तृत विवरण |
|---|
| १. कम्पनीको नामः- |
| २. सवारीको मोडेलः- |
| ३. बनेको सालः- |
| ४. सिलियडर संख्याः- |
| ५. हर्ष पावर सि.सि. :- |
| ६. च्यासिस नम्बरः- |
| ७. ईन्जिन नम्बरः- |
| ८. सवारीको रङ्गः- |
| ९.चालक सहित सिट संख्याः- |
| १०. पेट्रोल, डिजलः- |
| ११.रेडियो छ, छैनः- |
| १२. खरिद भै आएको मानिस वा कम्पनीः- |
| १३. प्रयोगः- |
| १४. चलाउनेको ईलाकाः- |
| १५. भन्सारको नास्साः- |





**प्रमाण पत्र नवीकरण**

**सवारी नं. :**

| नवीकरण गरेको मिति | म्याद पुग्ने मिति | नवीकरण गर्ने अधिकृतको हस्ताक्षर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**सवारी जाँचेको**

| जाँचको मिति | म्याद पुग्ने मिति | जाच्ने अधिकृतको हस्ताक्षर |
|---|---|---|
| | | |
| | | |
| | | |

| कैफियत |
|---|
| |

**सवारी धनीले ध्यान दिनुपर्ने कुराहरु**

**१.** करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनमा लाग्ने कर प्रत्येक आर्थिक वर्षको साउन मसान्त सम्ममा दर्ता नविकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्याद भित्र बुझाई सक्नु पर्नेछ अन्यथा कानून बमोजिम जरिवाना लाग्नेछ।

२. प्रमाणपत्र हराएमा, नासिए वा चोरिएमा सवारीधनीले सो कुरा उल्लेख गरी सम्बन्धीत ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित सवारी दर्ता रहेको कार्यालयमा १५ दिन भित्र निवेद दिनुपर्नेछ।

३. सवारी नम्बरप्लेट राख्दा सार्वजनिक सवारी भएमा कालो प्लेटमा सेतो अक्षर हुनुपर्छ।

४. यो प्रमाण पत्र हराई कसैले पाएमा बेलौरी नगरपालिका कार्यालय वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहोला।

५. यस कार्यालयको स्विकृत नलिई दर्ता प्रमाण पत्रमा उल्लेख भएको कुरा फरक पर्ने गरी सवारीको किसिम, सिट, क्षमता, रङ्ग, ईन्जिन, च्यासिस तथा अन्य पार्टपुर्जाहरु परिवर्तन वा हेरफेर गर्नुहुदैन।

६. एक प्रयोजनको लागि दर्ता भएको सवारी अर्को निम्ति प्रयोग गर्न पाईने छैन।

७. सवारी साधन कर तिर्नुपर्ने सवारीहरु स.द.प्र.प. नवीकरण गर्दा वा सोको प्रतिलिपी लिदा नामसारी गर्दा नम्बर परिवर्तन गर्दा सवारी साधन कर अद्यावधिक गरेको हुनुपर्नेछ। साथै नामसारी, नम्बर परिवर्तन, हेरफेर आदी दर्ता सवारी साधन कार्यालयमा ल्याउनुपर्दछ।

८. दर्ता भएको सवारी कुनै किसिमले नासिएमा वा काम नलाग्ने गरी सधैका लागि विग्रिएमा वा सधैका लागि नेपाल बाहिर लगिएमा सवारीधनीले सो भएको मितिले ३० दिन भित्र दर्ता प्रमाण पत्र साथै राखी सवारीको लगत कट्टा गर्न निवेदन दिनुपर्नेछ।

९. पाँच वर्षसम्म नवीकरण नगरीएमा स्वतः दर्ता खारेज हुने र दर्ता खारेज भएको सवारी दफा अनुसार लाग्ने जरिवाना तिरी पुनः दर्ता (शुरु दर्ता) गराउनु पर्दछ।

**आज्ञाले**
**तारा दत्त अवस्थी**
**प्रमुख प्रशासकीय अधिकृत**